Sub.Code : 9011

# NEB - GRADE XII
## 2081 (2024)
## सामाजिक अध्ययन
## (नयाँ पाठ्यक्रम)

**(रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७९ र ८० भएका प्राविधिकधारतर्फका नियमित तथा ग्रेडवृद्धि परीक्षार्थीहरूका लागि मात्र)**

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

### समूह 'क'

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू** [११×१=११]

१. सामाजिक अध्ययनलाई किन बहुआयामिक विषय भनिएको हो ?
२. पश्चिमी वायुलाई किन स्थायी वायु भनिन्छ ?
३. नेपालको हिमाली भेगमा पाइने जडीबुटीलाई उपयोग गर्ने कुनै दुईवटा तरिका लेख्नुहोस् ।
४. सम्यक समाधी भनेको के हो ?
५. आरक्षण व्यवस्थाको उपयोग जसको लागि गर्ने उद्देश्यले ल्याइएको हो, सो समुदायका व्यक्तिसम्म पुग्न नसक्नुको एउटा कारण लेख्नुहोस् ।
६. चौबिसे राज्य अन्तर्गतका कुनै दुई राज्यको नाम लेख्नुहोस् ।
७. नेपालमा गणतान्त्रिक शासन व्यवस्थाको एक सकारात्मक प्रभाव उल्लेख गर्नुहोस् ।
८. जनआन्दोलन, २०४६ को सफलताको कुनै एक कारण उल्लेख गर्नुहोस् ।
९. सामाजिक सञ्जालको दुरुपयोगबाट पर्ने कुनै दुईवटा असरहरू उल्लेख गर्नुहोस् ।
१०. निर्णय प्रक्रियाको महत्त्व एक वाक्यमा प्रस्ट पार्नुहोस् ।
११. यौन तथा प्रजनन् शिक्षाले नेपालको समग्र स्वास्थ्य अवस्थामा के कस्तो परिवर्तन आएको छ ? कुनै दुईवटा परिवर्तन लेख्नुहोस् ।

### समूह 'ख'

**संक्षिप्त उत्तरात्मक प्रश्नहरू** [८×५=४०]

१२. समाजको परिभाषा दिदैं यसका विशेषताहरू लेख्नुहोस् ।
१३. औद्योगिक युग र उत्तर आधुनिक युगबिच तुलना गर्नुहोस् ।
१४. कर्णाली प्रदेशका मुख्य समस्याहरू पहिचान गर्नुहोस् र समाधनका उपायहरू लेख्नुहोस् ।

क्रमशः



१५. नेपालमा हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूको सूची निर्माण गरी कुनै एकको व्याख्या गर्नुहोस् ।
१६. नेपालको इतिहासमा प्रजातन्त्र/लोकतन्त्र स्थापनाको लागि राजनीतिक दलहरूको भूमिकाको वर्णन गर्नुहोस् ।
१७. 'नेपालमा बेरोजगारीको प्रमुख कारण शिक्षा प्रणाली हो' यसप्रति आफ्नो विचार उल्लेख गर्नुहोस् ।
१८. तपाईंको साथी घरायसी व्यवहारका कारण अत्यन्त तनावमा हुनुहुन्छ । उहाँलाई तनाव व्यवस्थापन गर्न के कस्ता उपायहरू अपनाउन सुझाव दिनुहुन्छ ?
१९. 'जनसङ्ख्या वृद्धि मात्र होइन जनसङ्ख्या न्यून हुनु पनि देशको लागि हानिकारक छ' यो भनाइलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

### समूह 'ग'

**विस्तृत उत्तरात्मक प्रश्नहरु** [३×८=२४]

२०. विपत्का प्रकारको व्याख्या गर्दै विपत् व्यवस्थापन चुनौतीपूर्ण कार्य हो । उदाहरणसहित पुष्टि गर्नुहोस् ।
२१. 'जेष्ठ नागरिक जिउँदो इतिहास हुन्, प्रेरणाका स्रोत हुन्', भन्ने भनाईलाई पुष्टि गर्दै तपाईंको घर वा समुदायमा रहनु भएका जेष्ठ नागरिकको सम्मानको लागि अपनाउने उपायहरू लेख्नुहोस् ।
२२. संविधानमा व्यवस्था भएबमोजिम निर्वाचन प्रणालीको विश्लेषण गर्दै समानुपातिक निर्वाचन प्रणालीको औचित्य पुष्टि गर्नुहोस् ।

-०-